नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७६।०७७

चलानी नं.:- २३५

मितिः २०७६।०९।०९

श्री राष्ट्रपतिको कार्यालय,
श्री उपराष्ट्रपतिको कार्यालय,
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार,
श्री मन्त्रालय/केन्द्र/सचिवालय/आयोग/प्राधिकरण (सवै) ।

विषय : समायोजन भएको निकायमा हाजिर हुन पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई २१ (एक्काइस) दिन भित्र रमाना दिई हाजिर हुन पठाउनु हुन भनी यस मन्त्रालयबाट मिति २०७६।०५।१५ मा पत्राचार गरिएकोमा हालसम्म पनि समायोजन भएको तहमा हाजिर हुन नगएको भनी गुनासो प्राप्त हुन आएकोले यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम विभिन्न मितिको निर्णयानुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भई हाल संघ अन्तर्गतका निकायमा कार्यरत विभिन्न सेवा, समूहका कर्मचारीहरु लाई अनिवार्य रुपमा सामायोजन भएको तहमा नियमानुसार ७ (सात) दिनभित्र रमाना दिई हाजिर हुन पठाउनु हुन र सो को जानकारी यस मन्त्रालयमा दिनु हुन निर्णयानुसार अनुरोध छ।

सो सम्बन्धमा यस मन्त्रालयबाट अनुगमन समेत गरिने हुँदा अनुगमनको क्रममा माथि उल्लेख भए बमोजिम रमाना नदिने जिम्मेवार पदाधिकारी र हाजिर हुन नजाने कर्मचारी उपर प्रचलित कानुन बमोजिम कारवाही अघि बढाउने व्यहोरा समेत यस मन्त्रालयको मिति २०७६।०९।०९ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

२०७६।०९।०९

सुदर्शन दाहाल
(शाखा अधिकृत)